Email: gaidahawagaupalika@gmail.com
Website: gaidahawamun.gov.np

# गैडहवा गाउँपालिका
# गाउँ कार्यपालिकाकोकार्यालय
गैडहवा–३,विष्णुपुरा रुपन्देही

लुम्बिनी प्रदेश नेपाल

प.स:०८०/०८१ दोस्रो पटक प्रकाशित मिति:२०८०/०८/२९

च.नं/राजश्व/

## आन्तरिक आय संकलन(ठेक्का बन्दोबस्त) सम्बन्धी १५ दिने सूचना !

गैडहवा गाउपालिकाको आन्तरिक आय संकलनको लागि स्थानिय सरकार संचालन ऐन २०७४ बमोजिम तपसिल बमोजिमको ताल पोखरीको ठेक्का बन्दोवस्त गर्नु पर्ने भएकाले ईच्छुक व्यक्ति तथा फर्मबाट तपसिल बमोजिमका शर्तहरुको अधिनमा रहि वोलपत्र तथा दरभाउपत्र खरिद गरि तपसिलको मिति र समयभित्र शिलबन्दी बोलपत्र तथा दरभाउपत्र यस कार्यालयमा पेश गर्नुहुन सूचित गरिन्छ । अन्य थप जानकारीका लागि गाउँ कार्यपालिकाको सुचनापाटी वेभसाईट www.gaidahawamun.gov.np तथा कार्यालय समयभित्र यस गाउँकार्यपालिकाको कार्यालयको राजश्व शाखामा सम्पर्क राख्न सकिन्छ ।

तपसिल

| क्र.स. | आय ठेक्का नं | ठेक्का विवरण | न्युनतम अंक (भ्याट सहित) | दरभाउपत्र दस्तुर | कैफियत |
|---|---|---|---|---|---|
| १ | २/गैडहवा/राजश्व/२०८०-०८१ | गैडहवा ताल गैडहवा-४ | ८३०००००/- | ३००० | |
| २ | ४/गैडहवा/राजश्व/२०८०-०८१ | पोखरहवा ताल गैडहवा-७ | ४०००००/- | १००० | |
| ३ | ५/गैडहवा/राजश्व/२०८०-०८१ | ढेलफोरवा पोखरी गैडहवा-१ | १००००/- | १००० | |
| ४ | ६/गैडहवा/राजश्व/२०८०-०८१ | बैरिहवा बीच टोल गडहा/ बैरिहवा उत्तर टोल गडहा | २५००००/- | १००० | |
| ५ | ८/गैडहवा/राजश्व/२०८०-०८१ | गुलरिहा ताल गैडहवा-६ | ३००००००/- | ३००० | |

१. दरभाउपत्र तथा बोलपत्र खरिद २०८०/०९/१३ गते सम्म कार्यालय समय भित्र गैडहवा गाउँकार्यपालिकाको कार्यालय गैडहवा-३ रुपन्देहीबाट खरीद गर्न सकिनेछ ।खरिद भएका बोलपत्रहरु २०८०/०९/१४ गते दिनको अपरान्ह १२:०० वजे भित्र सम्म गैडहवा गाउँकार्यपालिकाको कार्यालय गैडहवा-३ रुपन्देहीमा दर्ता गर्न सकिनेछ र दर्ता भएका बोलपत्रहरु सोही दिन २:०० बजे खोलिनेछ ।

२. दरभाउपत्र तथा बोलपत्रको खामको बाहिर पट्टी ठेक्का नं,ठेक्का बिबरण र नाम प्रष्ट बुझिने गरि लेख्नु पर्नेछ ।बोलपत्र खरिदकर्ताले प्रत्येक ठेक्काको छुट्टा छुट्टै दरभाउपत्र तथा बोलपत्र फारम खरिद गरि छुट्टा छुट्टै दर्ता गर्नु पर्नेछ ।

३. ठेक्का लिन चाहने ईच्छुक फर्मले कबोल अंकलाई आधार मानी धरौटी बापत कबोल अंकको ५ प्रतिशत रकम धरौटी बैंक दाखिला राख्नु पर्नेछ। धरौटी वापत यस गैडहवा गाउँकार्यपालिकाको कार्यालय गैडहवा-३ को एन.आई.सी. एशिया बैङ्क

संजय कुमार पासी
राजस्व ईकाई प्रमुख

नि. प्रमुख प्रशासकीय अधिकृत

गैडहवा शाखाको ११०CA५००१४८१६००४ धरौटी खातामा नगद रकम जम्मा गरेको भौचरको सक्कल प्रति दरभाउपत्र तथा वोलपत्र साथ पेश गरेको हुनु पर्नेछ ।

४. दरभाउपत्र तथा बोलपत्र खरिदकर्ताले आफूले कबोल गरेको रकम अंक र अक्षरमा प्रष्ट देखिने गरि लेख्नु पर्नेछ ।अंक र अक्षरमा फरक परेमा अक्षरलाई मान्यता दिईनेछ ।दर्ता भएको शिलबन्दी दरभाउपत्र तथा बोलपत्र फिर्ता तथा संशोधन हुनेछैन ।

५. दरभाउपत्र तथा बोलपत्र खरिद तथा दाखिला गर्ने दिन वा खोल्ने दिन सार्वजनिक बिदा परेमा सोको भोलीपल्ट माथि उल्लेखित समय भित्र दाखिला गर्नु पर्नेछ, साथै त्यसै वमोजिम खोल्ने कार्यक्रम पनि हुनेछ ।

६.गैडहवा तालको हकमा तपसिलका शर्तहरु थप लागु हुनेछन ।

क) ठेक्का अवधिभर तालको पानी सुकाउन नपाउने ।

ख) पर्यटनलाई अवरोध नहुने गरि ठेकेदारले माछापालन र डुङ्गा संचालन कार्य गर्नु पर्ने ।

ग) कृषकलाई सिचाईको लागि आवश्यक पानी उपलब्ध गराउनु पर्ने ।

घ) तालको संरचना/स्वरुप बिग्रिने गरि गैडहवा तालको क्षेत्राधिकार भित्र गाउँपालिकाको सहमति बिनाकुनै पनि निर्माण कार्य गर्न /गराउन नपाउने ।

ङ) तालमा थप व्यवस्थापन तथा निर्माण गर्न गाउँपालिकाले पत्र लेखेमा निश्चित समयको लागि गा.पा.ले पानी सुकाउन सक्नेछ ।

७. शिलबन्दी दरभाउपत्र तथा बोलपत्र स्वीकृत गर्ने नगर्ने वा सूचना रद्द गर्ने वा सूचना संशोधन लगायतका आदि सम्पूर्ण अधिकार यस कार्यालयमा निहित रहनेछ ।साथै कार्यालय र दरभाउपत्र तथा बोलपत्रदाता बीच कुनै विवाद उत्पन्न भएमा यस कार्यालयले गरेको निर्णय नै अन्तिम हुनेछ ।

८. प्रचालित नियमानुसार कालो सूचीमा परेका, गाउँपालिका कार्यालयलाई बुझाउनुपर्ने बाकी बक्यौता भएका ब्यक्ति,फर्म तथा कम्पनीहरुको तीन पुस्ते व्यक्तिहरुले ठेक्का लिन नपाउने ।

९.माछा मरेको वा विभिन्न किसिमका समस्या एवम बहाना देखाई किस्तामा कुनै किसिमको छूट पाईने छैन ।

१०.ठेक्का वन्दोवस्तको अवधि सम्झौता भएको मितिले ५ वर्षको हुनेछ ।

११. २० लाख सम्मको ठेक्काको हकमा कबोल अंकको ३० प्रतिशत रकम (धरौटी बाहेक) र अग्रिम आयकर,मु.अ.कर वापतको रकम र बाकी रहेको ७०% रकम बराबरको यस कार्यालयको नाममा बैंक जमानत वा धितो रोक्का राखी सम्झौताका बखत पेश गर्नु पर्नेछ ।

१२.२० लाख भन्दा माथिका कबोल भएको तालको हकमा सम्झौताका बखत कबोल अंकको ३० प्रतिशत रकम (धरौटी बाहेक) ,अग्रिम आयकर,मु.अ.कर वापतको रकम र दोस्रो किस्ता वापतको ४० प्रतिशत रकमको मान्यता प्राप्त बैंकबाट मिति २०८२ साल पौष मसान्त सम्म म्याद भएको र तेस्रो किस्ता वापत ३०% रकम २०८४ पौष मसान्त सम्म म्याद भएको छुट्टा छुट्टै २ वटा बैंक ग्यारेण्टी पेश गर्नु पर्नेछ ।

१३.यस सूचनामा उल्लेख भएका शर्तहरु लगायत यस गाउँकार्यापालिकाको निर्णयानुसार दिईने सुझाव यस ठेक्का प्रयोजनको लागि अभिन्न अंगको रुपमा मानिनेछन र यस सूचनामा उल्लेख नभएको हकमा प्रचलित ऐन नियम बमोजिम हुनेछ ।

संजय कुमार पासी
राजस्व ईकाई प्रमुख

गणेश भट्टराई
नि.प्रमुख प्रशासकीय अधिकृत
नि. प्रमुख प्रशासकीय अधिकृत